# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS BULLETIN

**BROADCAST: 18:40 hrs** **Date:14.04.2024**

## Ambedkar Jayanti-SLA

भारत रत्न डा. बीआर अम्बेडकरको 133 औँ जन्मजयन्ती आज सिक्किम विधानसभामा मनाइयो। कार्यक्रम सामाजिक न्याय तथा कल्याण विभागले अखिल सिक्किम अनुसूचित जाति कल्याण संघको समन्वयमा आयोजना गरेको हो। कार्यक्रममा राज्यपाल श्री लक्ष्मण प्रसाद आचार्य प्रमुख अतिथि र मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ विशेष अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो। संविधान निर्माता डा. अम्बेडकरको शालिकमा राज्यपाल श्री लक्ष्मणप्रसाद आचार्यले पुष्पहार अर्पण गरी श्रद्धाञ्जली अर्पण गर्नुभएपछि, बौद्ध भिक्षुहरूले **'मन्त्र'** जप गरी दीप प्रज्वलन गरेका थिए। कार्यक्रममा डा. अम्बेडकरको जीवनी प्रस्तुत गरिएको थियो। त्यसै गरी राज्यपाल र मुख्यमन्त्रीको बाहुलीबाट **'भीम चेतना'** नामक पत्रिकाको विमोचन पनि गरियो। उल्लेख्य, आगामी आम चुनाव 2024 को सम्बन्धमा चलिरहेको आदर्श आचार संहितालाई ध्यानमा राख्दै, कार्यक्रम आदर्श आचार संहिता कडाइका साथ पालन गर्दै सञ्चालन गरिएको थियो।

## EVMs Gangtok District shifted

गान्तोक जिल्लाका लागि कुल उनासी वटा EVM आज DIET कलेजमा पहिलो तहको जाँचका लागि सारिएको छ। त्यसपछि विभिन्न राजनीतिक दलहरूको उपस्थितिमा छयासमिस गर्ने र प्रयोग गर्ने प्रक्रिया सञ्चालन गरियो। त्यसबाहेक, EVM स्टोर रूम, पहिलो तहको जाँच गर्ने हल र DIET कलेजमा रहेको स्ट्रङ रूम, पहिलो तहको जाँच, छयासमिस गर्ने र प्रयोग गर्ने प्रक्रिया पूरा नभएसम्म सिक्किम आर्म पुलिसद्वारा CCTV सर्भिलेन्स अन्तर्गत चौबिसै घण्टा सुरक्षा गरिनेछ।

## Pakyong District EVMs-FLC

पाकिम जिल्लाका लागि रिजर्भ राखिने थप ईभीएमको पहिलो तहको जाँच, छयासमिस गर्ने र प्रयोग गर्ने प्रक्रिया आज दिक्लिङ विद्यालयमा सञ्चालन गरियो। चुनावमा प्रयोग गर्नुअघि ईभीएमको पूर्ण मूल्याङ्कन गर्न मेसिनहरूलाई सावधानीपूर्वक जाँच गरियो। मेसिनहरूको पहिलो तहको जाँच सफलतापूर्वक सम्पन्न भएपछि, सही ठहरिएका मेसिनहरू EVM व्यवस्थापन प्रणाली अनुप्रयोग मार्फत स्क्यान गरियो। EVM-स्ट्रङ रूम लगातार CCTV सर्भिलेन्स, दोहोरो सिलबन्दी, र तीन तहको सुरक्षामा राखिएको छ।

## CM-Vijayee Bhava

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले भोली जोरथाङमा सम्पन्न हुने **विजयी भव** जनसभाको समापन कार्यक्रममा भेला हुन राज्यवासीलाई आफ्नो आधिकारिक सामाजिक सञ्जाल पोस्टमार्फत् हार्दिक निमन्त्रणा दिनुभएको छ। उहाँले भन्नुभएको छ, तपाईंहरूको न्यानो उपस्थितिले हाम्रो एकतालाई झल्काउँदछ, अनि हाम्रो समाजलाई अझ राम्रो बनाउने प्रतिबद्धताप्रति दृढ रहन हामीलाई जोस र बल प्रदान गर्दछ।

## SDF-Gathering

त्यसै गरी, आज गान्तोकमा एसडीएफ पार्टीको चुनावी जनसभालाई पार्टी अध्यक्ष श्री पावन चामलिङले सम्बोधन गर्दै, आगामी सरकारमा गान्तोक शहरलाई ग्रीन सिटीमा रूपान्तरण गर्ने बताउनुभएको छ। जनसभामा अपर तादुङ, आरिथाङ, गान्तोक अनि अपर बुर्तुकका जनताको उपस्थिति रहेको थियो।

## Postal Ballot

सोरेङ जिल्लाका लागि हुलाक मतदानको छैटौ दिन आज सरकारी बीएड कलेजमा अत्यावश्यक सेवाका कर्मचारीहरूबाट मतदान सुरु भयो। अत्यावश्यक सेवाका कर्मचारीहरूले हुलाक मत हाल्ने आज अन्तिम दिन पनि हो। तर, छोडिएका कर्मचारीका लागि हुलाक मतको सुविधा भोलीसम्म थप गरिएको छ। पाकिम जिल्लामा अत्यावश्यक सेवाका अधिकारीहरू समावेश वर्ग 4 का लागि हुलाक मतदान आज रुर्बन सामुदायिक भवनमा सम्पन्न भयो। गान्तोक जिल्लाका लागि, हुलाक मतदान प्रक्रियाको छैटौँ दिन आज देवराली र पाल्जोर स्टेडियममा मतदान सञ्चालन गरियो। गान्तोक जिल्ला निर्वाचन अधिकारीको कार्यालयले भोलीसम्म हुलाक मतदानको म्याद थपेको छ। त्यसै गरी, गेजिङ जिल्लामा निर्वाचनमा खटिएका सरकारी कर्मचारीहरूका लागि हुलाक मतदान आज छैटौँ अर्थात् अन्तिम दिनमा प्रवेश गर्‍यो।

## VIS and VG booklet to voters

नाम्ची जिल्लामा अप्रेल 4 देखि सुरु भएको मतदाता सूचना पर्ची र मतदाता निर्देशिका पुस्तिका सिधै मतदाताहरूलाई वितरण गर्ने कार्य जारी छ। यस बृहत पहलमा मतदाताको नाम, मतदान नम्बर, र मतदान विवरणहरू जस्ता जानकारी विवरण दिने पर्चीहरू घर-घरमा वितरण गरिन्छ। मतदाता दिशानिर्देश पुस्तिकाले मतदान प्रक्रिया, दर्ताका लागि योग्यता मापदण्ड, हुलाक मतपत्र सुविधा, निर्वाचन नामाङ्कन र उम्मेद्वार विवरणबारे आवश्यक जानकारी प्रदान गर्दछ। यसले मतदाताहरूलाई मतदान केन्द्रहरू अनलाइन प्रमाणीकरण गर्न पनि मदत गर्दछ।